समाज कल्याण परिषद्

# गैर-नाफामूलक संस्था (सामाजिक संघ संस्था) हरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२

समाज सेवा भवन

हरिहरभवन, पुल्चोक, ललितपुर

फोन नं. ०१ ५५५५४९५, ५५५५४४८

सदस्य सचिव

अध्यक्ष

# गैर-नाफामूलक संस्था (सामाजिक संघ संस्था) हरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२

**प्रस्तावना:** समाज कल्याण ऐन, २०४९ तथा नियमावली बमोजिम समाज कल्याण परिषद्ले सामाजिक संघ संस्था मार्फत गरिएका समाज कल्याणसंग सम्बन्धित कार्य तथा परियोजनाको स्वीकृती वा सम्झौता गर्ने, अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन लगायतका क्रियाकलाप गरिरहेको सर्न्दभमा, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीमा भएका सम्बन्धित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वियन गर्न समाज कल्याण परिषद्मा आवद्ध सामाजिक संघ संस्था र विदेशी गैर सरकारी संघ संस्थाहरूबाट समाज कल्याण कार्य तथा समाज सेवासंग सम्बन्धित विभिन्न क्रियाकलापमा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्य वा आम विनासका हातहतियार निर्माण तथा विस्तारमा प्रयोग र परिचालन हुन नदिने प्रणालीको विकास गर्दै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३५घ. मा उल्लेखिति व्यवस्थालाई कार्यान्वियन गर्न वन्छनीय भएकाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐनको दफा ३५घ. उपदफा (२) तथा समाज कल्याण परिषद् ऐन, २०४९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी परिषद्ले यो निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम "गैरनाफामूलक संस्थाहरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२" रहेको छ।

(२) यो निर्देशन स्वीकृत भएको मितिले एकतीसौं दिन देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा:-

(क) ***"ऐन"*** भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) **"परिषद्"** भन्नाले समाज कल्याण ऐनको दफा ५ बमोजिम स्थापित समाज कल्याण परिषद् सम्झनु पर्छ।

(ग) **"परिषद् कार्यालय"** भन्नाले समाज कल्याण परिषद्को केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ र सो शव्दले परिषद्का सदस्य सचिवले गरेको निर्णय समेतलाई जनाएको मानिनेछ।

(घ) **"सदस्य सचिव"** भन्नाले समाज कल्याण परिषद्को सदस्य सचिवलाई सम्झनु पर्छ।

(ङ) **"गैरनाफामूलक संस्था"** भन्नाले समाज कल्याण कार्य गर्न प्रचलित कानुन बमोजिम स्थापना भएको र समाज सेवामा संलग्न गैर सरकारी सामाजिक संघ संस्था सम्झनु पर्छ। यो शव्दले समाज कल्याण परिषद् ऐन, २०४९ को दफा १३ बमोजिम परिषद्मा आबद्ध भएका सामाजिक संघ सस्थालाई सम्झनुपर्छ। साथै यस शब्दले समाज कल्याण ऐनको दफा १२ बमोजिम अनुमति र सम्झौता गरी कार्यरत विदेशी गैर सरकारी संघ संस्था समेतलाई सम्झनु पर्छ।

(च) **"समिति"** भन्नाले समाजिक संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समिति सम्झनु पर्छ।

(छ) ***"संस्थापक"*** भन्नाले कम्पनी ऐन २०६३ बमोजिम मुनाफा वितरण नगर्ने कम्पनीको संस्थापक सम्झनुपर्छ।

(ज) ***"देशीय प्रतिनिधि"*** भन्नाले अन्तर्राष्ट्रिय गैरसकारकारी संस्थाको नेपालस्थित कार्यालयको प्रमुख प्रतिनिधिलाई सम्झनु पर्छ।

(झ) **"नियमावली"** भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली २०८१ सम्झनुपर्छ।

अध्यक्ष

सदस्य सचिव

३. ऐन नियमावली र यस निर्देशनको अधिनमा रही गैरनाफामूलक संस्थाले आफ्नो काम कारवहीलाई पारदर्शी र विश्वसनीय बनाउन देहायको व्यवस्था गरी परिषद् कार्यालयलाई जानकारी गराउने :

(१) गैरनाफामूलक संस्थाले Anti-money Laundering and Countering the Financing of Terrorism (AML/CFT) प्रणाली विकास र सुदृढीकरण गर्न अन्तरिक कार्यविधी बनाई लागू गर्ने,

(२) गैरनाफामूलक संस्थाले संस्थागत जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने गराउने,

(३) संस्थाका कार्य समिति पदाधिकारी वा सस्थापक, साझेदार संस्था, लाभग्राही, हिसाव किताबको कार्य प्रभावकारिताको वार्षिक रुपमा संपरीक्षण गर्ने गराउने व्यवस्था,

(४) ऐनको परिच्छेद ६ख. र नियमावलीको परिच्छेद ६ बमोजिम सूचिकृत व्यक्ति सम्वन्धी कानूनी व्यवस्था र मार्गनिर्देशनको पालना गर्ने गराउने,

(५) परिषद् कार्यालयले तोकेका वा अन्य आवश्यक कार्य गर्ने ।

४. आन्तरिक कार्यविधि बनाई लागू गर्नुपर्ने :

(१) गैर नाफामूलक संस्थाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निबारण ऐनको उद्देश्य बमोजिम संस्थामा AML/CFT प्रणाली सुदृढिकरण गर्न देहायको विषयलाई समेत समावेश गरी आन्तरिक कार्यविधि बनाई लागू गर्नु पर्नेछ :

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्यसम्पादन हुनेगरी नियमित कार्यमा थप जिम्मेवारी दिने संरचना निर्माण ।

(ख) संस्थामा कार्य समिति पदाधिकारी वा सस्थापक र कर्मचारी बिच आन्तरिक नियन्त्रण सहित कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजनको व्यवस्था,

(ग) संस्थाले संस्थागत जोखिमको पहिचान र सो निवारण तथा न्यूनिकरणका लागि आवश्यक पद्धति,

(घ) संस्थाका कार्य समिति पदाधिकारी वा सस्थापक, कर्मचारी, साझेदार संस्था र लाभग्राहीको पृष्ठभूमि परिक्षण गर्ने र अभिलेख राख्ने पद्धति,

(ङ) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण ऐन र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण नियमावली २०८१ को मा उल्लेख भए बमोजिमका सम्बन्धित हुन आउने व्यवस्थाहरु कार्यान्वयनमा आवश्यक सहयोग गर्ने पद्धति,

(च) समाज कल्याण परिषद् ऐन, २०४९ तथा नियमावली, समाज कल्याण परिषद्बाट जारी गरिएका विभिन्न निर्देशिकाहरुमा उल्लेखित व्यवस्थाहरुको परिपालनाको लागि आवश्यक व्यवस्था,

(छ) गैर नाफामूलक संस्थालाई प्राप्त अनुदान रकम स्वीकृत वा सम्झौता भएको परियोजनामा उल्लेखित उद्देश्य तथा क्रियाकलाप भन्दा बाहिर गई खर्च नगर्ने तथा स्थानान्तरण नगर्ने व्यवस्था,

(ज) गैर नाफामूलक संस्थाले दाताबाट अनुदान लिदा सो को प्रयोजन खुल्ने कागजात र दाताको पहिचान खुल्ने आद्यावधिक सूचना । अनुदान प्रदान, प्राप्त र प्रयोग गर्ने संस्था/व्यक्तिको नाम ऐनको परिच्छेद ६ख बमोजिम Screening र कार्यान्वयन गर्ने व्यवस्था,

झ) गैरनाफामूलक संस्थाले गरेको वित्तीय कारोबारको परियोजनागत रुपमा स्पष्ट लेखा अभिलेख ( Books of Account ) राखी वार्षिक लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गर्ने व्यवस्था,

ञ) परियोजनाबाट लाभ प्राप्त गरेका व्यक्ति, सहभागी, समूह वा संस्थाहरुको अद्यावधिक विवरण रहने व्यवस्था,

अध्यक्ष

सदस्य सचिव

ट) गैर सरकारी संस्थाले आर्थिक कारोवार गर्दा प्रचलित कानून बमोजिम स्थापित वाणिज्य बैक मार्फत गर्नुपर्ने व्यवस्था । दुर्गम तथा बैक कारोवार गर्न कठीन हुने आवस्थामा सस्थाले गरेका कारोबारको भरपाई तथा स्पष्ट विवरण राख्ने व्यवस्था,

ठ) वास्तविक धनीको पहिचान गरी अभिलेख राख्ने र परिषद्मा उपलब्ध गराउने व्यवस्था,

ड) संस्थाले आफ्नो काम कारवाहीको ५ वर्षको अभिलेख राख्ने व्यवस्था,

ढ) सस्थाले आफ्नो सम्पत्तिको प्रयोग र अवस्थाको वार्षिक रुपमा संपरीक्षण तथा अभिलेख अद्यावधिक गर्ने व्यवस्था,

ण) परियोजना सञ्चालन गर्ने गैरसरकारी संस्थाले परियोजनागत कारोबारको विवरण तथा प्रगति समाज कल्याण परिषद् कार्यालयले विकास गर्ने Software System मार्फत नियमित रुपमा उपलब्ध गराउने व्यवस्था,

त) गैर नाफामूलक संस्थाका पदाधिकारी, कर्मचारी र सदस्यहरुले संस्थामा काम कर्तव्यको पालना गर्दा वा कारोबार गर्दा संस्थागत सुशासन प्रवर्द्धन गर्न आचार संहिता तथा नियम तर्जुमा गरि लागु गर्ने व्यवस्था,

थ) संस्थाले पहिचान गरेको संस्थागत जोखिमको क्षेत्रका बारेमा परिषद्लाई समयमै जानकारी गराउने व्यवस्था,

द) गैर नाफामूलक संस्थाको कार्य समिति वा प्रवन्ध समिति वा संचालक वा कार्यकारी प्रमुख वा उच्च व्यवस्थापकमा रहने व्यक्तिको पृष्ठभूमि परिक्षण गर्ने व्यवस्था,

ध) गैर नाफामूलक संस्थाले आफ्नो AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरेको र जोखिमको उचित तवरले व्यवस्थापन गरेको एकीन,

न) गैर नाफामूलक संस्थाको परियोजना कार्यान्वयन गर्ने स्थानिय साझेदार संस्था र उनीहरुसंग जोडिएका प्रत्येक्ष लाभग्राही वा सहभागीको विवरण राखि जोखिमको सुपरिवेक्षण गर्ने व्यवस्था,

प) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा संस्थाले परियोजना संचालन गर्दा Money Loundering / Terrorism Financing (ML/TF) मा हुन सक्ने जोखिमको क्षेत्र पहिचान र मूल्यांकन गरी जोखिम निरुपणको विधी अबलम्बन गर्ने र चौमासिक रुपमा परिषद्लाई भौतिक तथा अनलाईन मार्फत जानकारी गराउने व्यवस्था,

फ) गैरनाफामुलक संस्था आफैले प्राप्त अनुदानको प्रयोगका सर्न्दभमा हुन सक्ने जोखिमको क्षेत्र पहिचान गर्ने र जोखिम व्यवस्थापनका लागि अवलम्बन गरेको विधी सहितको जानकारी वार्षिक रुपमा भौतिक वा विधुत्तिय माध्मबाट परिषद् कार्यालय र स्थानीय प्रशासनलाई उपलब्ध गराउने वा आफ्नो वार्षिक लेखापरिक्षण प्रतिवेदनमा समावेश गर्ने व्यवस्था ।

**५. जोखिम मूल्यांकन तथा व्यवस्थापन गर्ने :**

(१) गैर नाफामूलक संस्थाले ऐनको दफा ३५ र ३५घ. बमोजिम संस्थागत जोखिम मूल्यांकन तथा व्यवस्थापन गर्दा देहायका आधारहरुलाई सर्न्दभमा लिई गर्नुपर्ने छ :

(क) गैर नाफामूलक संस्थाबाट ऐन, नियमावली र यस निर्देशनमा उल्लेखित व्यवस्थाको परिपालना,

(ख) AML/CFT विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन,

(ग) गैर नाफमूलक संस्थाको आन्तरिक व्यवस्थापन तथा AML/CFT सम्बन्धी प्रणाली

(घ) संस्थाको उच्च अधिकारी तथा कार्यकारीको पृष्ठभूमि,

(ङ) परियोजना वा सेवा प्रवाहको स्वाभाविकता, विश्वसनीयता र तादात्म्यता,

अध्यक्ष



सदस्य सचिव

(च) परियोजना, साझेदार संस्था र लाभग्राहीको विशेषता,

(छ) गैर नाफामूलक संस्थाको नियमित हुने अनुगमन, मूल्यांकन तथा लेखापरिक्षणबाट प्राप्त हुने जानकारी,

(ज) परिषद्ले नियमित रुपमा गर्ने परियोजना विश्लेषण, अनुगमन तथा मुल्यांकन प्रतिवेदनबाट प्राप्त हुने जानकारी,

(झ) यस निर्देशनमा उल्लेखित जोखिमका सूचकहरु गैर नाफामूलक संस्थामा विद्यमान भएको अवस्था,

(ठ) संस्थाको बैक तथा वित्तीय निकायमा रहेको खाता संचालन सम्बन्धी व्यवस्था र अद्यावधिकता,

(ड) वास्तविक धनी तथा हिताधिकारी सम्बन्धी व्यवस्था,

(ण) गैर नाफामूलक संस्थाहरुलाई प्रयोग गरी भएका वित्तीय अपराधका Typolology Report हरु,

(त) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यास र अनुसन्धानहरु,

(थ) परिषद् कार्यालयले AML/CFT विषयमा तोकेको विषयहरु ।

**६. गैर नाफामूलक संस्थाले देहायका संभावित जोखिमका सूचकलाई दृष्टिगत गरी जोखिम पहिचान तथा व्यवस्थापन गर्नुपर्नेछ :**

**(१) गैर नाफामूलक संस्था वा साझेदार संस्थाको तहमा हुनसक्ने जोखिम :**

(क) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निबारण ऐन २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरीङ्ग) निवारण सम्बन्धी नियमावली, २०८१ मा गैर नाफामूलक संस्थाका लागि उल्लेखित व्यवस्था, र समाज कल्याण परिषद् ऐन, २०४९ तथा नियमावली, समाज कल्याण परिषद्बाट जारी गरिएका विभिन्न निर्देशिकाहरुमा उल्लेखित व्यवस्थाहरुको परिपालनामा कमजोरी भएको देखिनु,

(ख) संस्थामा स्पष्ट कार्यजिम्मेवारी नभएको र आन्तरिक नियन्त्रण कमजोर रहनु,

(ग) लेखापरिक्षणमा प्रतिवेदन संस्थाको आर्थिक क्रियाकलापहरुको पर्याप्त आर्थिक पारदर्शिता झल्कने विवरण नपाइनु,

(घ) सबै परियोजनाहरुको नियमित स्वीकृती लिने वा सम्झौता गर्ने र अनुगमन तथा मूल्यांकन गराउने गरेको नपाइनु,

(ङ) परियोजनको उद्देश्य र क्रियाकलाप गलत वा छद्म राखि कार्य गरेको पाइनु,

(च) संस्थाले रकमको कारोवार गर्दा स्वीकृत बैंक तथा वित्तीय संस्थाबाट नगरी निश्चित व्यक्ति मार्फत गर्ने गरेको र कारोवारको अभिलेख स्पष्ट एंव पूर्ण राखेको नपाइनु,

(छ) परियोजनाको रकमलाई परियोजनाको उद्देश्य र क्रियाकलापभन्दा बाहिर स्थानान्तरण गरेको देखिनु,

(ज) उद्देश्य विना, स्वीकृत परियोजना विना, संस्थाको कुनै आधिकारीक कार्यालय तथा पर्याप्त कर्मचारी विनै ठूला ठूला कारोवार गरेको देखिनु,

(झ) जोखिमलाई न्यूनिकरण गर्न आवश्यक पृष्ठभूभि परिक्षण वा Due-Diligence गर्ने पद्धति विकास नगरेको,

(ञ) व्यक्तिगत खाताबाट संस्था तथा परियोजनाको रकम प्राप्त, प्रयोग र परिचालन हुनु ।

(ट) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यमा उच्च जोखिममा रहेका मुलुकबाट वा त्यस्ता मुलुकको अनुदान प्राप्त गरी सो अनुदानको प्रयोग भएको देखिनु (यस प्रयोजनका गृहमन्त्रालयले प्रकाशनमा ल्याउने प्रतिवन्धात्मक सूची, FATF को "High-Risk Jurisdictions

अध्यक्ष

सदस्य सचिव

subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक आदि लिन सकिनेछ ।) आदी ।

(२) **दाता तथा अनुदानमा जोखिम :**

(क) एकै पटक अस्वभाविक रुपमा ठूलो रकम प्राप्त भएमा,

(ख) स-साना रकम पटक पटक गरी पठाइएको देखिएमा,

(ग) अनुदान दिनुको उद्देश्य विना रकम उपलब्ध गराएको देखिएमा,

(घ) दाताले आफ्नो जानकारीलाई लुकाई पटक पटक रकम उपलब्ध गराएको देखिएमा,

(ङ) परियोजनालाई प्राप्त अनुदान संस्थाको खातामा नआई व्यक्तिगत खातामा वा परियोजनाको प्रयोजन बाहेकका लागि रकम स्थानान्तरण गरको पाइएमा,

(च) नेपाल सरकार तथा गृह मन्त्रालयबाट जारी गरिएको प्रतिबन्धात्मक सूचीमा उल्लेखित दाताबाट रकम प्राप्त भएमा ।

(३) **लाभग्राहीको तहमा जोखिम :**

(क) गलत वा नक्कली कागतात पेश गरेर लाभ लिएको देखिएमा,

(ख) अरु व्यक्तिको नामबाट लाभ लिएको देखिएमा,

(ग) एउटै व्यक्ति वा समूहले पटक पटक लाभ लिएको देखिएमा,

(घ) निश्चित समूह वा परिवारका सदस्यहरुलाई मात्र लाभ उपलब्ध गराइएको देखिएमा,

(ङ) उस्तै देखिने हस्ताक्षर, सर्म्पक, ठेगाना आदिबाट विभिन्न नाम गरेका व्यक्तिहरुबाट लाभ लिएको देखिएमा,

(च) लाभग्राहीको विवरणमा पटक पटक केरमेट गरेर नामावाली राखेको देखिएमा,

(छ) गैरनाफामूलक संस्थाका लाभग्राहीहरुमा आर्थिक वा अन्य अवस्थामा अस्वभाविक रुपमा आएको परिवर्तन,

(ज) कुनै लाभग्राहीको संलग्नता आतंकवादलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रेरित गर्ने क्रियाकलापमा भएको आधार प्राप्त भएमा ।

(४) **व्यवस्थापक तथा कर्मचारी तहमा जोखिम :**

(क) दाताको रकम परोपकारी कार्य गर्ने गरी भनि संस्थाको खाताको सट्टामा व्यवस्थापक तथा कर्मचारीको खातामा आएको देखिएमा,

(ख) संस्थामा संलग्न पदाधिकारी, व्यवस्थापक वा कर्मचारीको जीवनस्तर अस्वभाविक रुपमा छोटो समयमा परिर्वतन भई उच्च स्तरको देखिएमा,

(ग) एउटै व्यक्तिबाट धेरै भूमिकामा रहेको देखिनु र अस्वभाविक तथा अपारदर्शि आर्थिक कारोवार गरेको देखिनु,

(घ) संस्थामा अस्वभाविक रुपमा कर्मचारी खर्च वा प्रशासनिक क्रियाकलापहरुमा खर्च बढेको देखिनु,

(ङ) संस्थामा संलग्न कुनै पदाधिकारी, व्यवस्थापक वा कर्मचारिको संलग्नता आतंकवादलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रेरित गर्ने क्रियाकलापमा भएको आधार प्राप्त भएमा ।

(५) **आर्थिक कारोवारको तहमा जोखिम :**

(क) गलत वा नक्कली कागजात बनाई सोको आधारमा खरिद प्रक्रिया गरेको देखिनु,

(ख) खरिद गरेका सामान वा परियोजना वा क्रियाकलापको दाखिला नगरी खर्च भएको रेकर्ड देखाइनु,

(ग) संस्थाको नीति बमोजिम समाग्री, निर्माण कार्य र परामर्श सेवाका खरिद प्रक्रियाहरु सम्पन्न गरेको नदेखिनु,

(घ) साना देखि ठूला आर्थिक कारोवार पटक पटक स्वीकृत वित्तीय संस्था मार्फत नगरी नगदबाटै गरेको देखिनु,

अध्यक्ष

सदस्य सचिव

(ङ) परियोजनाको आर्थिक कारोवारको स्पष्ट लेखा अभिलेख ( Books of Account ) राखि पारदर्शिता कायम गरेको नदेखिनु,

(च) स्वीकृत परियोजना वा परियोजना सम्झौतामा उल्लेख भएभन्दा अन्य नयाँ शीर्षकहरु तथा क्षेत्रमा गैर बजेटरी खर्च ठूलो मात्रामा भएको देखिनु,

(छ) साना र ठूला भुक्तानी हरेक पटक आवश्यक पर्याप्त कागजात विना गरेको देखिनु,

(ज) संस्थाले संस्थागत तथा परियोजनागत उद्देश्यभन्दा बाहिर गई अनुदानको रकम अन्य प्रयोजनमा खर्च गरेको वा अनुदान रकम परियोजनाको उद्देश्य प्राप्ति भन्दा बाहेकको उद्देश्यमा स्थानान्तरण गरेको वा व्यक्ति तथा संस्थालाई उपलब्ध गराइएको देखिनु ।

**७. वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्ने अवस्था** :

(१) गैर नाफामूलक संस्थाले आफुसंग सम्बन्धित वास्तविक धनीको अद्यावधिक विवरण राख्नुपर्ने,

(२) गैर नाफामूलक संस्थाले देहाय बमोजिमको आवस्थामा संस्थासंग सम्बन्धित वास्तविक धनीको अद्यावधिक विवरण परिषद्मा उपलब्ध गराउनुपर्ने छ :

(क) परिषद्मा गैरनाफामूलक संस्था वा सामाजिक संस्था आवद्धता तथा नविकरण सम्बन्धी कार्य गर्दा,

(ख) संस्थाले बैंक खाता खोल्ने सिफारिस लिन,

(ग) साधारण सम्झौता सम्बन्धी कार्य गर्दा,

(घ) परियोजना संचालनको स्वीकृतिको लागि परियोजना प्रस्ताव पेश गर्दा,

(ङ) परियोजना सम्झौताको लागि परियोजना प्रस्ताव पेश गर्दा,

(च) विपद् लगायतको अवस्थामा आकस्मिक सेवा उपलब्ध गराउने कार्यका लागि विवरण पेश गर्दा,

(छ) संस्थाले जोखिम पहिचान गरेको आवस्थामा

(ज) नियमनकारी निकायले जोखिमयुक्त भनि उल्लेख गरेको वा छानविन, अनुसन्धान र अनुगमनका लागि लेखि पठाएको संस्था वा व्यक्तिसंग सम्बन्धित सस्थाबाट परियोजना पेश हुँदा वा संस्थाको साधारण सम्झौता एवं नविकरण वा आवद्धता एवं नविकरणका लागि पेश गर्दा,

(झ) परिषद् कार्यालयले सूचना तथा विवरण माग भएको आवस्थामा ।

(३) गैरनाफामूलक संस्थाले संस्थागत जोखिम मूल्यांकन प्रतिवेदन अनुसार कार्यसमिति पदाधिकारी, संस्थापक, दाता, लाभग्राही, साझेदार संस्था लगायतका वास्तविक धनीको पहिचान तथा सम्पुष्टीलाई देहाय बमोजिम अद्यावधिक गरी परिषद्लाई जानकारी गराउनुपर्ने छ :

(क) उच्च र मध्यम जोखिम देखिएमा तत्काल,

(ख) परिषद् कार्यालयले जानकारी माग गरेको अवस्थामा तत्काल,

(ग) बास्तविक धनीको विवरणमा संस्थालाई शंका लागेको अवस्थामा तत्काल,

**८. गैर नाफामूलक संस्थाका बास्तविक धनीको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिमको उपाय अवलम्वन गर्ने :**

(क) गैर नाफामूलक संस्थाको कार्यसमितिमा रहने व्यक्ति, कार्यकारी वा प्रमुख भई कार्य गर्ने व्यक्ति वा आधिकारिक व्यक्ति वा निजले तोकेको व्यवस्थापकीय तहको कर्मचारीको को नाम, ठेगाना लगायतका विवरण राख्ने व्यवस्था गर्ने,

(ख) परिषद्मा परियोजना प्रस्ताव पेश गर्दा वा परियोजना सम्झौताको लागि परियोजना प्रस्ताव पेश गर्दा वास्तविक धनीको पहिचान खुल्ने आवश्यक विवरण तथा सूचना राख्ने व्यवस्था गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिम गैर नाफामूलक संस्था (सामाजिक संघ संस्था) मा संलग्न उच्च पदस्थ तथा राजनैतिक व्यक्तिको पहिचान खुल्ने विवरण राख्ने व्यवस्था गर्ने,

अध्यक्ष

(घ) परिषद् कार्यालयमा संस्था तथा परियोजना सम्बन्धी कार्यमा जाने व्यक्तिको परिचय खुल्ने कागजात र अख्तियारनामा सहितको जिम्मेवारी दिने व्यवस्था गर्ने,

(ङ) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन तथा नियमावलीमा तोकिदिएका अन्य उपाय अवलम्बन गर्ने व्यवस्था ।

**९. संम्पर्क अधिकारी तोक्ने :**

(१) गैरनाफामूलक संस्थाले ऐन, नियमावली र यस निर्देशन बमोजिमको काम कारवहीको विषयमा संम्पर्क अधिकारी तोकी परिषद्लाई जानकारी दिनुपर्नेछ । यदी सोमा फरक भए सो समेत जानकारी गराउनुपर्ने छ ।

**१०. पालना गर्नुपर्ने :**

(१) यस निर्देशनमा उल्लेखित व्यवस्थाहरुको पालना गर्ने कर्तव्य परिषद्संग सम्बन्धित गैर नाफामूलक संस्थाको हुनेछ ।

(२) गैर नाफामूलक संस्थाले ऐनको परिच्छेद ६ख. र नियमावलीको परिच्छेद ६ बमोजिमको विषय कार्यान्वयन गर्न नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको कार्यविधी समेत पालना गर्नु गराउनु पर्नेछ ।

**११. कारवाही तथा सजाय :**

(१) ऐन, नियमावली तथा निर्देशनमा उल्लेखित व्यवस्थाको पालनामा उल्लंघन भएको गैरनाफामूलक संस्थालाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ तथा सो अन्तर्गत बनेको नियमावलीमा भएको व्यवस्था बमोजिम र समाज कल्याण ऐन तथा नियमावली २०४९ मा व्यवस्था भए बमोजिम हुनेछ । सजाय गर्नुपूर्व सफाईका लागि मौका दिइनेछ ।

(२) परिषद् कार्यालयले गैरनाफामूलक संस्थालाई उपदफा (२) बमोजिम गरेको कार्यवाही तथा सजायको जानकारी आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय, निकाय र वित्तिय जानकारी इकाईमा समेत जानकारी गराइने छ ।

**१२. बाधा अडकाउ फुकाउ र व्याख्या गर्ने अधिकार :** यो निर्देशिकामा उल्लेखित कुनै विषयमा बाधा अड्काउ फुकाउने तथा प्रारम्भिक व्याख्या गर्ने अधिकार परिषद् कार्यालयमा निहित हुनेछ ।

सदस्य सचिव

अध्यक्ष

**गैर-नाफामूलक संस्था (सामाजिक संघ संस्था) हरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२ पारित भएको सम्बन्धी सार्वजनिक सूचना !**

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३५ घ. को व्यवस्था कार्यान्वयन गर्न सम्मानित प्रधानमन्त्रिज्यू अध्यक्ष रहनु भएको परिषद् वोर्डको मिति २०८२।०७।१२ को बैठकबाट गैर-नाफामूलक संस्था (सामाजिक संघ संस्था) हरुका लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्य तथा आम विनासका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्वन्धी निर्देशन, २०८२ पारित भएको व्यहोरा समाज कल्याण परिषद्सँग आवद्ध तथा सम्झौता गरी कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। उक्त निर्देशनको पूर्ण विवरण परिषद्को वेबसाइट www.swc.org.np मा हेर्न सकिनेछ ।

**समाज कल्याण परिषद्, हरिहरभवन, पुल्चोक, ललितपुर । टेलिफोन नं : ०१-५४५५४४८**